नेपाल सरकार
गृह मन्त्रालय
सशस्त्र प्रहरी बल नेपाल
नं. ५ बिन्ध्यबासिनी बाहिनी मुख्यालय रुपन्देही
आर्थिक प्रशासन शाखा
चन्द्रौटा, कपिलवस्तु

नेपाल सरकार गृह मन्त्रालय सशस्त्र प्रहरी बल नेपाल नं. ५ बिन्ध्यबासिनी बाहिनी मुख्यालय, चन्द्रौटा, कपिलवस्तु

राष्ट्रिय स्तरको सिलबन्दी दरभाउ पत्र आह्वानको सूचना नं. **APF/SQ/G/01/077/078**

सूचना प्रकाशित मिति २०७७/०७/०३ गते

१. आ.ब. ०७७/०७८ मा सशस्त्र प्रहरी बल नेपालको लागी आवश्यक भएका देहाय बमोजिमका मालसामानहरु सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले योग्य दरभाउपत्रदाताहरुबाट आपूर्तिको लागी यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | दरभाउपत्र आह्वान सूचना नं. | मालसामानको बिवरण | परिमाण तथा ईकाइ | दरभाउपत्र फाराम दस्तुर रु. | दरभाउपत्र जमानत रकम रु. | कै. |
|---|---|---|---|---|---|---|
| १. | APF/SQ/G/01/077/078 | कन्सरटिना वायर र बारबेड वायर | दरभाउपत्र कागजातमा उल्लेख भए बमोजिम | १,०००/- | ४४,०००/- | |

२. दरभाउपत्रदाताले लिखित निवेदनसाथ VAT/PAN दर्ता प्रमाणपत्र, नविकरण भएको फर्म/ कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपी र आ.ब. २०७६/०७७ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपी पेश गरी यस कार्यालयमा माथी तोकिएको दस्तुर (फिर्ता नहुने गरी) बुझाई मिति २०७७/०७/१७ गते कार्यालय समय भित्र उल्लेखित सामानहरुको दरभाउपत्र सम्बन्धी कागजात खरिद गर्न सकिनेछ।

३. दरभाउपत्रसाथ कोष तथा लेखा नियन्त्रक कार्यालय, कपिलवस्तुको राष्ट्रिय बाणिज्य बैक शाखा कार्यालय तौलिहवा कपिलवस्तु स्थित धरौटी खाता नम्बर ३११०२०३०००००००, यस कार्यालयको कोड नं. ३१४०५४९०४ मा तोकिएको दरभाउपत्र जमानत रकम नगदै जम्मा गरेको बैक भौचर वा सो बराबरको कुनै बाणिज्य बैक वा बित्तीय संस्थाबाट यस कार्यालयको नाममा जारी भएको कार्य प्रयोजन खुलेको दरभाउपत्र जमानत पेश गर्नुपर्नेछ । सोको मान्य अवधी दरभाउपत्र पेश गर्ने अन्तिम मितिबाट गणना गर्दा दरभाउपत्रको मान्य अवधी (४५ दिन) भन्दा कम्तीमा पनि ३० दिन बढी अर्थात ७५ दिन हुनु पर्नेछ।

४. मिति २०७७/०७/१८ गते १२:०० बजे भित्र सिलबन्दी दरभाउपत्र दर्ता गरी सक्नु पर्नेछ । उल्लेखित समय भन्दा ढिलो गरी प्राप्त भएका दरभाउपत्र अस्वीकृत गरिनेछ ।

५. सिलबन्दी दर्ता भएका दरभाउपत्रहरु मिति २०७७/०७/१८ गते १३:०० बजे आमन्त्रित प्रतिनिधीहरु, सम्बन्धित दरभाउपत्रदाता वा निजहरुको वारेश प्रतिनिधीहरु एवं खोलुवा समितिको रोहवरमा आर्थिक प्रशासन शाखामा खोलिने छ । दरभाउपत्रदाताहरु वा निजका प्रतिनिधीहरु उपस्थित नभएमा पनि दरभाउपत्र खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन ।

६. दरभाउपत्र खोल्ने दिन सार्वजनिक विदा परेमा सो सम्बन्धी कार्य कार्यालय खुलेको पहिलो दिनको सोही समयमा गरिने छ । यस्तो अवस्थामा दरभाउपत्र र दरभाउपत्र जमानतको मान्य अवधि भने साविककै मिति देखी गणना गरिने छ ।

७. कुनै वा सबै सिलबन्दी दरभाउपत्रहरु पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित हुनेछ ।

८. दरभाउपत्र कागजातमा उल्लेख नभएका अन्य कुराहरु सार्वजनिक खरिद ऐन -२०६३, सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम र सार्वजनिक खरिद अनुगमन कार्यालयबाट जारी भएको दरभाउपत्र सम्बन्धी कागजातमा उल्लेख भए अनुसार हुनेछ ।

९. दरभाउपत्र सम्बन्धी थप जानकारीका निमित्त यस कार्यालयको फोन नं. ०७६-५४०१०५ मा सम्पर्क गर्न सकिने छ । साथै यो सूचना सशस्त्र प्रहरी बल नेपालको website:www.apf.gov.np र सार्वजनिक खरिद अनुगमन कार्यालयको website: www.ppmo.gov.np मा समेत हेर्न सकिने छ ।